नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ | अंक १९४ | २०७६ साल फागुन २० गते मंगलबार (3 Mar. 2020 Tuesday) | मूल्य रु. ५/-

*Log on : rajbirajdainik.com.np*

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- फरार अभियुक्तले सार्वजनिक संस्थाबाट पाउने सेवा सुविधा लिन नपाउने र निजको अधिकार कटौती हुने,
- आफ्नो नाममा जारी भएको म्याद नबुझ्ने वारिस वा कानून व्यवसायीलाई अदालतमा प्रतिनिधित्व गर्न नदिने,
- सरकारवादी मुद्दाका साक्षीलाई सरकारले दैनिक भ्रमण भत्ताको सुविधा र आवश्यकता अनुसार सुरक्षा प्रदान गर्ने,
- नबुझी नहुने साक्षी उपस्थित नभएमा जरिबाना तथा पक्राउ गर्न सकिने,
- पीडित वा साक्षीको परिचय गोप्य राख्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*यस अंक भित्र :* २ पृष्ठमा : यात्रुको स्वास्थ्य जाँच ... ३ पृष्ठमा : सद्भाव र रंगको पर्व.. ३ पृष्ठमा : कोरोना भाइरसका कारण मृत्यु ...

# प्रधानमन्त्रीको स्वास्थ्य लाभका लागि दुई दिने धार्मिक अनुष्ठान

**दैनिक समाचारदाता**
**राजविराज, १९ फागुन ।**

प्रधानमन्त्री केपी शर्मा ओलीको स्वास्थ्य लाभको कामना गर्दै सोमबारदेखी सप्तरीको छिन्नमस्ता मन्दिरमा धार्मिक अनुष्ठान कार्यक्रम सुरु गरिएको छ ।

सप्तरीको प्रसिद्ध शक्तिपीठ छिन्नमस्ता भगवति मन्दिरको प्राङ्गणमा नागरिक संजाल सप्तरीको आयोजना तथा मन्दिरका पिठाधीश महाकान्त ठाकुरको संयोजनमा दुई दिने अखण्ड दिप प्रज्जवलन, भजन किर्तन, अष्ठायाम, हवन, विशेष पूजापाठ लगायतको धार्मिक कार्यक्रम सुरु गरिएको हो ।

सुरु गरिएको धार्मिक कार्यक्रममा करिब ६ दर्जन साधुसन्त र भक्तजनको सहाभागिता रहेको छ । आयोजक संस्थाका अध्यक्ष सुखराम यादवले देशको प्रमुख कार्यकारीको रुपमा रहनु भएका प्रधानमन्त्री ओलीको नेतृत्व मुलुकका लागि अझ आवश्यक रहेको कुरालाई दृष्टिगत गरि उहाँको सिघ्र स्वास्थ्य लाभको कामना गर्दै यस्तो धार्मिक कार्यक्रमको आयोजना गरिएको बताए ।

नयाँ दिल्लीको इन्द्रप्रस्थ अपोलो अस्पतालमा करिब १३ वर्ष अघि प्रतयारोपित मृगौलालई शरीरले अस्विकार

*बाँकी अन्तिम पृष्ठमा*

## होली गायन प्रतियोगितामा सहभागी हुन अनुरोध

पौराणिक होली गितको संरक्षण गर्न र आफ्नै मौलिक संस्कृतिलाई जर्गेना गर्न २०७६ फागुन २४ गते बिहानको ११:०० बजे राजविराज नगरपालिकाको शिव मन्दिर अगाडी सेभ चाइल्डहुड फाउण्डेशन नेपाल परिवारले पौराणिक होली गित गायन प्रतियोगिता कार्यक्रम आयोजना गरेकाले सप्तरी जिल्लाका होली गायन टोलीहरुमा होली गायन प्रतियोगितामा सहभागी हुन अनुरोध छ ।

**तपसिल**

१ गायन समुह मध्येबाट विजेता, उपविजेता टोलीलाई नगद पुरस्कारको व्यवस्था गरिएको छ ।
२ मिति २०७६/११/२४ सहभागी टोलीको विहानको खाना आयोजकको तर्फवाट हुनेछ ।
३ सहभागी टोलीले मिति २०७६/११/२३ गते बेलुका सम्म नाम दर्ता गराउनु पर्नेछ ।

**कार्यालय र राजविराज न.पा रोड सिता फोटो कपीको माथिल्लो तल्ला हामो कृषि सहकारीको छेउमा**
सर्म्पक : ९८४२८२०८६९, ९८१७७२१०९०, ९८५२८२३०५२, ९८४२८२२९६३




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय

### एक अर्काको सहअस्तित्व स्वीकारौं

महिला हिंसाका घटनाहरु हाम्रा समाजमा बढ्दै गएको छ । शारिरिक, मानसिक यातना दिने क्रम बढ्दो छ । हिंसाका कारणहरु फरक-फरक देखिए पनि लैङ्गिकताका आधारमा महिला भएकै कारण घटनाहरु भइरहेको छ । मानव सभ्यता जति पुरानो हुँदै जाँदा मानवहरु त्यति नै असभ्य र असंस्कृत हुँदै गएका छन् ।

दाइजो, छोरी जन्माउनु, भौतिक रुपमा सुन्दर नदेखिनु, अपाङ्ग र अशक्त हुनु, एकल हुनु यी र यस्ता अनेकौं बहानामा महिलाको शारीरिक र मानसिक शोषण गरिँदै आइएको छ । बोक्सीको नाममा समेत महिलाहरुलाई मलमूत्र खुवाउने, अमानवीय यातना दिएका घटनाहरु प्रायः नै सुनिन्छन् । नाबालिकासँगको यौन दुर्व्यवहारले समेत प्रश्रय पाउँदै गएका छन् । यस्ता घटनाले महिलाको ज्यान मात्रै लिइरहेको छैन अपितु उसको आत्मसम्मानमा समेत ठेस पुगिररहेको छ । यस्ता घटना पढ्दा वा सुन्दा हाम्रो सभ्य समाजमा महिलाको अवस्था कस्तो छ भने झझल्को पाईन्छ ।

महिला र पुरुष एक अर्काका पुरक हुदा हुँदै पनि यस्ता घटनाले प्रसय पाउनु अत्यन्त दुखदायी हो । तसर्थ महिला र पुरुषले एक अर्काको सहअस्तित्व, महत्व र गरिमालाई स्वीकार्नै पर्छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# यात्रुको स्वास्थ्य जाँच प्रबन्धका लागि कार्यदल

काठमाडौँ, १८ फागुन (रासस) ।

संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयको आगमन तथा प्रस्थान कक्षबाट आवतजावत गर्ने सबै यात्रुको आवश्यक स्वास्थ्य जाँचको प्रबन्ध तत्काल मिलाउने व्यवस्था गर्नका लागि कार्यदल गठन गरेको छ । पर्यटनमन्त्री योगेशकुमार भट्टराईको अध्यक्षतामा मन्त्रालयमा कोरोना भाइरसको विश्वव्यापी प्रभाव तथा मन्त्रालय र अन्तर्गतका निकायहरूबाट गर्नुपर्ने रोकथाम एंव पूर्वतयारीका कार्य सम्बन्धमा बसेको बैठकले सो निर्णय गरेको हो ।

नेपाल नागरिक उडड्यन प्राधिकरण (क्यान) का निर्देशक देवचन्द्र लाल कर्णको संयोजकत्वमा स्थास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका डा. हेमन्त चन्द्र ओझा, विमानस्थल अध्यागमन कार्यालयका निर्देशक राजेश पन्थी, एयरलाइनस अपरेटर कमिटिबाट शरद काफ्ले र सुरक्षा निकायका प्रतिनिधि रहने गरी कार्यदल गठन गरिएको छ ।

मन्त्रालयले उक्त कार्यदललाई स्वास्थ्य परीक्षणका लागि थप स्थान र उपकरण समेतको आवश्यकता पहिचान गरी आइतबारैदेखि तयारी गर्न निर्देशन दिएको छ । त्यस्तै उक्त बैठकमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा विदेशबाट आउने यात्रुहरूलाई स्वास्थ्य जाँचको डेस्क पार गरी जानुपर्ने प्रावधानसम्बन्धी सूचनामूलक जानकारी अनिवार्यरूपमा जहाज अवतरणको क्रममा र आगमन तथा प्रस्थान कक्षबाट निरन्तररूपमा प्रवाह गर्ने व्यवस्थाका लागि प्राधिकरणलाई निर्देशन दिइएको छ ।

सडक मार्गबाट नेपाल प्रवेश गर्ने यात्रुहरूको स्वास्थ्य जाँच र आवश्यक पूर्वाधारको प्रबन्धका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट अध्यागमन विभागसँगको समन्वयमा आवश्यक व्यवस्था गरी उक्त मन्त्रालयलाई अनुरोध गर्ने, भाइरसको प्रभाव न्यूनीकरण तथा रोकथामका क्रममा विभिन्न मुलुकले अवलम्बन गरेको उडानसम्बन्धी रणनीतिको अध्ययन र विज्ञसँगको छलफलको आधारमा नेपालले उडान रोक्न पर्ने वा नपर्ने सम्बन्धमा दुई दिनभित्र संक्षिप्त प्रतिवेदन पेश गर्न प्राधिकरणलाई निर्देशन दिइएको छ ।

नेपाल पर्यटन बोर्ड र नेपाल भ्रमण वर्ष २०२० को सचिवालयबाट सन् २०२० को मार्च महिनामा स्वदेश तथा विदेशमा गरिने प्रचारप्रसारका कार्यक्रम हाललाई स्थगन गर्ने तथा मार्च तेस्रो हप्तामा यसको समीक्षा गरी पेश गर्न, नेपालको आन्तरिक पर्यटन प्रवर्द्धनका लागि लिनुपर्ने तत्कालीन नीति तथा कार्यक्रमको सम्बन्धमा नेपाल पर्यटन बोर्ड र नेपाल भ्रमण वर्ष, २०२० को सचिवालयले एक हप्ताभित्र संक्षिप्त प्रतिवेदन तयार गरी पेश गर्न निर्देशन दिइएको छ ।

नेपालको पर्यटन प्रवर्द्धनका लागि वैकल्पिक रणनीति तय गर्न नेपाल पर्यटन बोर्डमा क्रियाशील समूहले देशगत सूचनाहरू अध्यावधिक राखी आवश्यक आन्तरिक तयारी गर्ने, नेपाल वायुसेवा निगमबाट जापानको नरिता अन्तर्राष्ट्रिय विमानस्थलमा हुन लागेको उडान शुरुआतमा दुवै मुलुकमा कुनै औपचारिक कार्यक्रम आयोजना नगर्न निर्देशन दिइएको छ ।

मन्त्रालयमा भएको उक्त बैठकमा मन्त्रालयका सचिव केदारबहादुर अधिकारी, मन्त्रालयका सहसचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका उच्च अधिकारी, नेपाल नागरिक उडड्यन प्राधिकरणका महानिर्देशक, नेपाल वायुसेवा निगमका निमित्त महाप्रबन्धक, नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत, अध्यागमन विभागका महानिर्देशकलगायतको उपस्थिति रहेको थियो ।

# काँग्रेसले तोक्यो थप सात केन्द्रीय विभागका प्रमुख

काठमाडौं, १९ फागुन (रासस) ।

नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले पार्टीको विधानअनुसार थप सात केन्द्रीय विभागका प्रमुखमा विभिन्न केन्द्रीय सदस्यलाई मनोनयन गर्नुभएको छ । यसअघि उहाँले शनिबार पार्टीका १३ केन्द्रीय विभागमा प्रमुख तोक्नुभएको थियो ।

सभापति देउवाले सोमबार पार्टीका केन्द्रीय सदस्य एनपी साउदलाई शुभेच्छुक संस्था समन्वय, अम्बिका बस्नेतलाई वन, वातावरण तथा विपत् व्यवस्थापन, ईश्वरी न्यौपानेलाई महिला, केशवकुमार बुढाथोकीलाई राज्य प्रशासन, मोहनबहादुर बस्नेतलाई खेलकुद्, वीरबहादुर बलायरलाई निर्माण व्यवसायी समन्वय र हरिप्रसाद नेपाललाई शिक्षा विभागका प्रमुखमा मनोनयन गर्नुभएको काँग्रेसका मुख्य सचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो ।

काँग्रेसको विधानमा २८ केन्द्रीय विभाग गठनको व्यवस्था भए पनि गत पुस ११ गतेको केन्द्रीय समिति बैठकले विभाग बढाउन सक्ने विधानको अधिकार प्रयोग गरी विभागको सङ्ख्या बढाएर ४७ पुऱ्याइएको थियो । काँग्रेसको वर्तमान केन्द्रीय कार्यसमितिको नियमित अवधि समाप्त हुन लागेपछि नेतृत्वले केन्द्रीय विभाग गठन गर्न थालेको छ ।

काँग्रेसको १३औँ महाधिवेशन विसं २०७२ फागुन २० देखि २३ गतेसम्म काठमाडौँमा सम्पन्न भएको थियो । काँग्रेसको विधानको दफा ४३ मा पार्टीका सबै तहका पदाधिकारी तथा सदस्यको पदावधि चार वर्षको हुने उल्लेख छ । साथै सोही दफामा असाधारण स्थिति भएमा केन्द्रीय कार्यसमितिले सोको कारण खोली बढीमा एक वर्षसम्मको अवधि बढाउन सक्ने व्यवस्था उल्लेख छ ।

विधानको उक्त प्रावधानमा टेकेर काँग्रेसले पार्टीका सबै तहका पदाधिकारी तथा सदस्यको पदावधि यही फागुन २० गतेदेखि लागू हुने गरी विसं २०७७ फागुन १९ गतेसम्म एक वर्षका लागि थप गर्ने निर्णय गरिसकेको छ । काँग्रेसले पार्टीको १४औं केन्द्रीय महाधिवेशन विसं २०७७ फागुन ७ देखि १० गतेसम्म काठमाडौँमा गर्ने निर्णय गरेको छ ।

# इन्धनमा कर नथप्न आग्रह

काठमाडौँ, १९ फागुन (रासस) ।

सदनमा कोरोना भाइरस ( कोभिड-१९), भ्रष्टाचार र समसमायिक विषयमा सांसदहरूले संसद् र सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

प्रतिनिधिसभाको सोमबारको बैठकको विशेष समयमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का देवेन्द्र पौडेलले प्रधानमन्त्री केपी शर्मा ओलीको स्वास्थ्यलाभको कामना गर्दै पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’माथि आइतबार भएको अमानवीय व्यवहारको भर्त्सना गर्नुभयो । उहाँले सो विषयमा गृहमन्त्रालयको ध्यानाकर्षण गराउँदै शान्ति सुरक्षालाई सुदृढ बनाउन जोड दिनुभयो ।

सांसद पौडेलले कोरोना भाइरस करिब ६४ देशमा पुगिसकेको सञ्चारमाध्यममा आएकाले नेपालमा त्यसको रोकथामका निम्ति अझ उच्च सतर्कता अपनाउन सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो ।

प्रमुख प्रतिपक्ष दल नेपाली काँग्रेसका दिलेन्द्रप्रसाद बडूले विभिन्न देशमा फैलिएको कोरोना भाइरसका सम्बन्धमा सरकारले उच्च सतर्कता अपनाउन नसकेको बताउनुभयो । उहाँले विश्व स्वास्थ्य सङ्गठनले नेपाललगायत विभिन्न मुलुकलाई कोरोना भाइरसको उच्च जोखिममा रहेको बताए पनि सरकारले त्यसअनुरूपको तयारी गर्न नसकेको बताउनुभयो । सरकारले संसद्लाई छलेर चोर बाटोबाट जनतामा कर थोपर्ने काम गरेको भन्दै उहाँले आपत्ति जनाउनुभयो ।

सांसद महेन्द्र राय यादवले सरकारले जनतालाई मारमा पार्ने गरी इन्धनमा कर थप्ने निर्णय गरेकोप्रति आपत्ति जनाउनुभयो । उहाँले प्रदेश नं ३ को नामकरण गर्दा पहिचानलाई आत्मसात् गर्न नसकिएको भन्दै गुनासो गर्नुभयो । सांसद प्रदीप यादवले संविधानको प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रताको विषय उल्लेख गरिए पनि व्यवहारमा नदेखिएको भन्दै चिन्ता व्यक्त गर्नुभयो ।

सांसद राजेन्द्रकुमार लिङ्देनले व्यक्ति विशेषका लागि संविधान संशोधन गर्ने विषय सत्तापक्षीय दलबाटै आएको भन्दै आपत्ति प्रकट गर्नुभयो । सांसद दिव्यमणि राजभण्डारीले संसारभर प्रकोपका रूपमा फैलिँदै गएको कोरोना भाइरसबाट बच्ने उपायका सन्दर्भमा सरकारले पर्याप्त तयारी गर्न नसकेकामा दुःखेसो पोख्नुभयो । सांसद सरिताकुमारी गिरीले कोशी टप्पु आरक्षण क्षेत्रमा हात्ती, बँदेललगायत वन्यजन्तुको आक्रमणबाट स्थानीयवासी पीडित र त्रसित बनेकोप्रति सरकारको ध्यनाकर्षण गराउनुभयो ।

सांसद शान्ता चौधरीले प्रधानमन्त्रीले आफ्नो मिर्गौला प्रत्यारोपण स्वदेशमै गर्न लागेकामा खुशी व्यक्त गर्दै उहाँको पूर्ण स्वास्थ्यलाभको कामना गर्नुभयो । नेकपाका सचेतकसमेत रहनुभएका सांसद चौधरीले नेकपाका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डमाथि आइतबार भएको अभद्र व्यवहारप्रति आपत्ति जनाउनुभयो । काँग्रेसका सांसद प्रकाश रसाइली (स्नेही) ले सरकार भ्रष्टाचारमा लिप्त भएको भन्दै कोरोना भाइरसभन्दा पनि भ्रष्टाचारको भाइरसबाट मुलुकमा त्रास पैदा भएको बताउनुभयो ।

# सद्भाव र रंगको पर्व होली



**मौसमी कुमारी कुशवाहा**

होली रङ्ग र गुलालले मनाइने एक पर्व हो । होलीको दिन हरेक मानिस रङ्ग र गुलालमा सराबोर भई सतरङ्गी भएको हुन्छ । विशेष रुपले तराईमा र मित्र राष्ट्र भारतमा भव्य रुपमा यो पर्व मनाईन्छ । होली फागुनको वसन्त पूर्णीमाका रातमा होलिका दहन गरि भोलिपल्ट खेल्ने गरिन्छ । सानाले आफ्नो अग्रजलाई अबिरले ढोग गरेर आशिष लिन्छन् भने बच्चाहरु र युवायुवतीहरु रङ्ग गुलाल एक अर्कामाथि खन्याएर होली मनाउने गर्छन् । वर्षौंको रिस द्वेषलाई भुलेर नयाँ सम्बन्ध सुरु गर्ने एक सशक्त माध्यम होली हो । हिन्दुहरुको प्रसिद्ध चाडपर्वको रुपमा रहेको होलीको आफ्नो छुट्टै आस्था र अस्तित्व रहेको हुन्छ । अरु पर्वको तुलनामा होलीलाई ठीक उल्टो तरीकाले मनाईन्छ । तराईका जति पर्वहरु छन्, सबमा भोकै व्रत बस्नु, पुजापाठ, नियम पालन, भगवान्को स्तुति गर्नु जस्ता कार्य गरेपनि होली त्यसको उल्टो दिनभरी विभिन्न परिकार बनाएर खानु, ठुलो सानोमा भेद नगरी प्रेमको भावनाले जिस्कने रमाइलो गर्ने विभिन्न लोक सङ्गीतको आधार बनाई कटाक्ष व्यङ्ग्य गर्ने गरिन्छ ।

हाम्रो हिन्दु संस्कृतिमा हरेक चाडपर्व सबै पौराणिक घटनासँग, अध्यात्मसँग जोडिएको हुन्छ । होली पनि पौराणिक घटना मै अधारित रहेको छ । सत्ययुगमा हिरण्यकश्यप नामको एउटा ठुलो दैत्य थियो । उ आफैलाई भगवान ठान्ने भएकोले उसको आफ्नै छोरा प्रहलाद विष्णुको ठुलो भक्त भई मन्त्र जप गर्न थाले । यस घटनाले आफ्नै छोरालाई अनेकौ शारीरिक यातना दियो । अन्त्यमा ब्रम्हासँग अग्निको वरदान पाएकी आफ्नै बहिनी होलिकाको काखमा बसाएर आगो लगाएर मृत्युदण्ड दिने योजना बनाए । फलस्वरुप त्यही आगोमा होलिका जलेर भष्म भइन् तर प्रहलादलाई आगोले कुनै असर गरेन । यसर्थ यस घटनाबाट के सन्देश पाइन्छ कि असत्य माथि सत्यको विजय हुन्छ ।

होली एक पारिवारिक प्रेम मिलन हो । आफन्तसँग मेलमिलाप सामाजिक सदभावना स्वरुप रङ्ग र अबिरको साहाराले अङ्कुरण गराउने माध्यम हो । वर्षौंदेखि आफन्तसँग भेट्न नपाएकाहरुका लागि भेटेर माया, प्रेम र सद्भावको एक बहाना पनि हो । होलीको दिन आफुभन्दा अग्रजसँग आशिष लिने सानालाई माया र आशिष दिने गरिन्छ । परिवारमा छिमेकमा विभिन्न कारणले उत्पन्न भएको मनमुटाव, रिस, द्वन्दलाई होलीको माध्यमले भुलाउने गरिन्छ । एक आपसमा बढेको नकारात्मक भावनामा रङ्गको सहाराले सद्भावको, प्रेमको रङ्ग चढाइन्छ । विभिन्न किसिमका मिठो मिष्ठान पकाएर आफन्त छिमेकमा बाड्ने, आपसी एकतालाई अझ बलियो बनाउने र भेटघाट गर्ने अंकमाल गर्ने र भाइचाराको भावना स्थापित गर्ने गरिन्छ ।

उमंग बिनाको फागुन र तरंग बिनाको होलीको कुनै अर्थ हुँदैन । जबसम्म राधामोहनको प्रेम जस्तो मन कोमल, आत्मसमर्पणको भावना जाग्रित हुँदैन तबसम्म हामी होली खेल्नको लागी तयार हुन सक्दैनौं तबसबम्म मनमा प्रेमको रङ्ग चढ्न सक्दैन । फागुन महिना यस्तो महिना हो जसको हावा, पानी, माटो, सुर्यको रापमा, रातको अँध्यारोमा पनि, प्रेम स्वरुप रङ्ग चढेको हुन्छ, हर्षोल्लास, उत्तेजना, तरंग एउटा छुट्टै नशा छाएको हुन्छ । हरेक मानिसको मन प्रेमले ओतप्रोत र उत्तेजित भएको हुन्छ । भोजपुरीमा एउटा उखान छ "**भर फागुन बुन्हउ देवर लगिहे**" भनाईको अर्थ फागुन मसान्तसम्म एउटा वृद्ध पनि देवर नै देखिन्छ । उमेरको कुनै हद न राखी होली खेल्ने गरिन्छ । होलीमा न भाषा, न जाति, न उमेर, न कुनै धर्मको भेद रहन्छ मात्र मानवको भावना रहन्छ । यो एक सामन्त र विपन्न बिचको दुरीलाई घटाउँछ । कमसेकम होलीको दिन हरेक मानिस बराबर भई सद्भावना जाग्रित गर्ने गरिन्छ । सब एक समान भई आपसी मेलमिलाप र सद्भावको डोरीमा बाँधिने गरिन्छ । दैनिक जीवनको हरेक समस्या, दुःखलाई बिर्सेर सम्पूर्णमा खुसि र प्रेम बाड्ने भएकोले यसलाई मित्र मिलनको नामले पनि चिन्निछ । होलीको दिन पिचकारी, लोलामा रङ्ग भरि मान्छेलाई भिजाइछ तर त्यो पिचकारीमा मात्र रङ्ग र पानि नभई मनका मिठो भावना मिसिएको हुन्छ । जीवनको हरेक बेरङ्गलाई सतरङ्गी रङ्गबाट रङ्गयाउने गरिन्छ । होली रास रङ्गको नामले पनि प्रसिद्ध छ किनकी यसमा नृत्य सङ्गीत, लीला, रङ्ग, अबिर, गुलालको सदाबहार मिश्रण रहन्छ । फागुनको वसन्त ऋतुसँगै वृक्षमा नयाँ पालुवा, खेतमा लहलहाउँदो अन्नबालिले घरमा लक्ष्मी भित्रिन्छ । हिन्दु धर्मावलम्बीहरुले पञ्चतत्वको पुजा गर्ने भएको कारणले अन्नबालिको केहि अंशमा आगो बालेर होलिका दहन गरिन्छ ।

होलीलाई वर्तमान भन्दा बितेको समयमा भिन्न रुप रहेको थियो । फागुन महिनाको सुरुवातदेखि नै घर, टोल, छिमेक, खेतखलिहानमा होलीको लोक गीत घन्किन्थ्यो तर अचेल यो परम्परा लोप हुँदै गएको छ । बितेको समय होलीको अवसरमा मन्दिरमा राम कृष्णको नामयुक्त होलीको भजन गुञ्जिन्थ्यो भने गाँउ नगरमा ढोल, मञ्जिराको तालसँग लोकगीत गाइन्थ्यो । बदलिँदो समयसँगै आजभोली होलीको नाममा अश्लिलता भित्रिएको छ । भोजपुरी सङ्गीतकारहरुले आफ्ना मार्यादा, सिमालाई बिर्सेर विभिन्न अश्लिल शब्दको प्रयोग गरी यो सँस्कृतिलाई विकृत बनाएका छन् । नयाँ युवा पुस्ताहरुले होलीको नाममा धेरै मासु खाने, विभिन्न किसिमका पेयपदार्थ, लागु पदार्थ र नसायुक्त पदार्थको सेवन गरि धुर्त भएको हुन्छ । आफ्ना सिमा र मर्यादाको ख्याल नगरी जबरजस्ती कपडा चिथार्ने, फोहोर पानी फाल्ने, एक्लै केटि देख्दा गिज्याउने जस्ता लजास्पद कार्यले होलीलाई बदनाम गरिएको छ । अचेल काठमाडौं उपत्यका लगायत पहाडका अन्य क्षेत्रमा पनि होली खेल्ने गरिएको छ । पहाडी समाजमा दिइको स्वतन्त्रताको गलत तरिकाले उपयोग गरेको देखिन्छ । केटीलाई एक्लै देख्दा जिस्क्याउने, कालो मसी दल्ने, होलीको नाममा केटाहरु नसाको सेवन गरि बिना जट्टाधारी कलयुगका शङ्कर बनेर जताततै डुलिरहने, केटिहरु पुरै तिघ्रा देख्ने गरि छोटो पाइन्ट र नाइटो देख्ने टिसर्ट लगाएर आफ्नो छुट्टै समुह बनाएर अल्लारे छाटमा दिनभरि घुमेका हुन्छन् । यस्ता घटना समाजमा बढ्दै गएको कारणले होलीप्रती वितृष्णा बढ्दै गएको छ । वर्तमान युगमा होलीलाई यसको अस्तित्व भन्दा उल्टो रुपरेखा बनाइएको छ ।

होली पर्व एउटा सन्देश लिएर आउँछ । हरेक मानव आफ्ना इर्ष्या, द्वेषहरु भुलेर समानता र प्रेमको दृष्ठिकोण अपनाउन । चारैतिर मोजमस्ती र मनोरञ्जनको साथै हाँसो खुसी छाउँछ । होली हाम्रो साँस्कृतिक सम्प्रदाय भएको नाताले यो हामी सबैको कर्तव्य हो कि हामी होलीको मुल भावनालाई विकृत हुनबाट र यसको अस्तित्वलाई लोप हुनबाट जोगाउँ कि भविष्यको पुस्ता हामीप्रती गौरव महसुश गरुन् । *(मधेश दर्पण फिचर सेवा)*


## दादुरा रुवेला खोप अभियान

**दादुरा रुवेला खोप लगाऔं । आ-आफ्नो बालबालिकाहरुलाई दादुरा रुबेला रोगबाट बचाऔं ।**

यही फाल्गुन १ गतेदेखि नगरपालिका/गाउँपालिकाको सबै वडाहरुमा दादुरा रुवेला खोप अभियान संचालन हुदैछ । यस अभियानमा **९ महिना देखि ५ वर्ष मुनिका** सम्पूर्ण बालबालिकालाई दादुरा रुवेला रोग विरुद्धको खोप लगाइन्छ । आ-आफ्नो बालबालिकालाई नजिकैको खोप केन्द्रमा लगेर दादुरा रुवेला खोप लगाउन हुन अनुरोध छ । साथै जन्मदेखि **५ वर्ष मुनिका** बालबालिकाहरुलाई पोलियो थोपा समेत खुवाऔं ।

**दादुरा रुवेला खोप अभियान संचालन हुने चरण र मिति**

**पहिलो चरण**

(२०७६ फाल्गुन १ गतेदेखि २०७६ फाल्गुन ९ गतेसम्म)

राजविराज नगरपालिका, कञ्चनरुप नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, महादेवा गाउँपालिका, सप्तकोशी नगरपालिका, तिरहुत गाउँपालिका र तिलाठी कोइलाडी गाउँपालिका

**दोश्रो चरण**

(२०७६ फाल्गुन ११ गतेदेखि २०७६ फाल्गुन १९ गतेसम्म)

डाक्नेश्वरी नगरपालिका, राजगढ गाउँपालिका, छिन्नमस्ता गाउँपालिका र विष्णुपुर गाउँपालिकामा

**तेश्रो चरण**

(२०७६ फाल्गुन २१ गतेदेखि २०७६ फाल्गुन २९ गतेसम्म)

बोदेवर्साइन नगरपालिका, खडक नगरपालिका, शम्भुनाथ नगरपालिका, सुरुङ्गा नगरपालिका, अग्निसाईर कृष्णासवरण गाउँपालिका, बलान विहुल गाउँपालिका र रुपनी गाउँपालिका

**जिल्ला खोप समन्वय समिति**
**स्वास्थ्य कार्यालय, सप्तरी**


## विश्व समाचार

### कोरोना भाइरसका कारण मृत्यु हुनेको सङ्ख्या तीन हजार नाघ्यो

बेइजिङ, १९ फागुन (रासस/एएफपी) ।

चीनमा थप ४२ जनाको ज्यान गएपछि कोरोना भाइरस सङ्क्रमणका कारण विश्वभरि मृत्यु हुने मानिसको सङ्ख्या ३ हजार नाघेको सोमबार जनाइएको छ ।

चीनमा मात्र यस भाइरसका कारण २ हजार ९१२ को मृत्यु भएको त्यहाँको राष्ट्रिय स्वास्थ्य विभागले जानकारी दिएको छ । हाल चीनमा यस रोगबाट ज्यान गुमाउने सबै व्यक्ति हुबेई प्रान्तका रहेका पनि समाचारमा जनाइएको छ । यस भाइरसका कारण मृत्यु हुनेमध्ये ९० प्रतिशतभन्दा बढी मानिस चीनको हुबेइ प्रान्तका रहेका छन् ।

गत डिसेम्बर महिनाको अन्त्यबाट चीनको हुबेई प्रान्तको उहान शहरबाट फैलिएको यस भाइरसको सङ्क्रमण हाल ६० भन्दा बढी देशमा फैलिएको छ । चीनबाहेक विश्वका अन्य १० देशका मानिसहरूको कोरोना भाइरस सङ्क्रमणको कारण मृत्यु भएको छ । इरानमा हालसम्म ५४ जनाको मृत्यु भएको पुष्टि भएको छ । इटलीमा पनि ३० जनाभन्दा बढी मानिसको ज्यान गइसकेको छ ।

यस भाइरसका कारण विश्वभरी कम्तीमा ८९ हजार जनामा सङ्क्रमण भएको पुष्टि भएको छ । इटलीमा ४८ घण्टामा सङ्क्रमित मानिसको दर दोबर भएको त्यहाँको स्वास्थ्यसम्बन्धी निकायले जनाएको छ । त्यहाँ कम्तीमा ३४ जनाको मृत्यु तथा करिब १७ सय जनामा सङ्क्रमण भएको पुष्टि भएको छ ।

बेलायतमा ३६ जनामा सङ्क्रमण भएको पुष्टि भएपछि प्रधानमन्त्री बोरिस जोनसनले सोमवार आपतकालीन बैठक बोलाउनु भएको छ ।

चीनपछि सर्वाधिक सङ्क्रमण देखिएको दक्षिण कोरियामा थप ५०० जना सङ्क्रमित भेटिएका छन् । त्यहाँ ४ हजार २१२ मा सङ्क्रमण भएको सरकारी तथ्याङ्क रहेको समाचारमा जनाइएको छ ।

### ग्रीसले आप्रवासीका आवेदन नलिने, टर्कीहुँदै ग्रीस प्रवेश गर्न रोक

अङ्कारा, १९ फागुन (रासस) ।

ग्रीसले आगामी महिनादेखि शरणका लागि आउने कुनै पनि आवेदन नलिने घोषणा गरेको समाचारमा जनाइएको छ । यसअघि टर्कीले आप्रवासीहरूलाई युरोपतर्फ जाने प्रवेशद्वार खोलिदिएको बताएको थियो ।

प्राप्त समाचारमा यसअघि करिब १० हजार आप्रवासीलाई टर्कीसँग जोडिएको ग्रीसको एक जमिनमा रोकिएको बताइएको थियो । जसका कारण ग्रीसका अधिकारीहरूले ती आवेदन नलिने जनाएका हुन् ।

ग्रीसका प्रधानमन्त्री किरियाकोस् मित्सोटाकिसले ग्रीसको सीमाक्षेत्रमा आवश्यक मात्रामा रोकावट गरिएको जानकारी दिनुभएको छ । उहाँले भन्नुभयो, हाम्रो सीमातर्फ अनावश्यक रूपमा प्रवेश गर्न खोज्ने कुनै पनि देशका आप्रवासीलाई रोकेर राखिएको छ ।

टर्कीले पनि शरणार्थी आप्रवासीको भार थेग्न नसक्ने बताएको थियो । टर्कीले सिरियामा विगतका वर्षहरूदेखि जारी रहेको युद्धका कारण ठूलो सङ्ख्यामा नागरिक भागिरहेका आफूले थाहा पाएको भन्दै यति धेरै मानिसको भार आफ्नो देशले वहन गर्नसक्ने अवस्था नरहेको बताएको थियो । टर्कीका राष्ट्रपति रिसेप तैयप एर्डोगानले भने सिरिया छोडेर शरणका लागि हिँडेका आप्रवासीहरूलाई छिमेकी देशहरू तथा युरोपेली युनियनका सदस्य राष्ट्रमा जानका लागि अनुमति दिने बताउनुभएको थियो । गत शुक्रबार उहाँले ग्रीस र बुल्गेरियातिर जानका लागि अनुमति दिने घोषणा गर्नुभएको थियो ।

उत्तरी सिरियामा रहेका इदलिब प्रान्तमा गत हप्ता भएको एक भिषण हवाई हमलामा परी करिब ३३ जना टर्किस सैनिक मारिएका थिए । त्यसपछि उहाँले सो घोषणा गर्नुभएको थियो । टर्कीमा ठूलो सङ्ख्यामा सिरियाका नागरिक शरणार्थीका रूपमा बसिरहेको बताइएको छ । पछिल्लो एक प्रतिवेदनका अनुसार टर्कीमा सिरियाका करिब ३७ लाख शरणार्थी रहेका बताइएको छ । टर्कीमा युरोप प्रवेश गर्न लागेका विभिन्न देशका शरणार्थीहरू बस्ने गरेका बताइन्छ ।

### इन्डोनेसियामा पनि कोरोना भाइरस, अमेरिकामा थप एकको मृत्यु

जाकार्ता, १९ फागुन (रासस/एएफपी) ।

इन्डोनेसियामा पनि कोरोना भाइरसको सङ्क्रमण भेटिएको समाचार छ । इन्डोनेसियामा सोमबार यस भाइरसको सङ्क्रमण भेटिएको समाचारमा जनाइएको छ । विश्वको चौथो धेरै जनसङ्ख्या भएको देश इन्डोनेसियामा पहिलो पटक दुई जना इन्डोनेसियाली नागरिकमा यो भाइरसका सङ्क्रमित भेटिएको यहाँका स्वास्थ्य अधिकारीहरूले जानकारी दिएका छन् ।

यहाँको स्वास्थ्य मन्त्रालयले दिएको जानकारीअनुसार यहाँकी एकजना ६४ वर्षीया महिला र उनकी ३१ वर्षीया छोरीमा यस भाइरसको सङ्क्रमण भएको पुष्टि भएको अधिकारीहरूले जानकारी दिएका छन् । उनीहरू अहिले राम्रो अवस्थामा रहेका जाकार्तामा रहेको एक अस्पतालले जानकारी दिएको छ । ती दुई जना जापानबाट मलेसिया हुँदै इन्डोनेसिया फर्किएका थिए । उता संयुक्त राज्य अमेरिकामा भने थप एकजनाको यस भाइरसका कारण मृत्यु भएको छ । एकजना ७० वर्षीय अमेरिकी नागरिकको सो भाइरसको प्रकोपबाट निधन भएको बताइएको छ ।

वासिङ्टन राज्यको किङ काउन्टीमा उनको ज्यान गएको बताइएको छ । उपचारारत ती ७० वर्षीयको आइतबार निधन भएको र कोरोना भाइरसको सङ्क्रमणबाटै उनको निधन भएको स्वास्थ्य अधिकारीहरूले जानकारी दिएका छन् । किङ काउन्टी करिब ७ लाख जनसङ्ख्या भएको नगर हो । यहाँका स्वास्थ्य अधिकारीका अनुसार गत शनिबारमात्र पनि एकजनाको ज्यान गएको थियो । उनको पनि वासिङ्टन राज्यकै एक अस्पतालमा निधन भएको थियो । यस प्राणघातक कोरोना भाइरसको सङ्क्रमण विश्वका विभिन्न देशमा फैलिरहेका बेला अमेरिकामा पनि दुई जनाको ज्यान गएको अधिकारीहरूको भनाइ छ ।

# सिरहामा तीन हजार ७०९ छोरीको बिमा

लहान, १९ फागुन (रासस)।

प्रदेश २ सरकारद्वारा सञ्चालित 'बेटी पढाउ बेटी बचाउ' कार्यक्रमअन्तर्गत सिरहाका सबै स्थानीय तहमा छोरी शिक्षा बिमा शिविर सकिँदा तीन हजार ७०९ छोरीको बिमा गरिसकिएको छ । छोरा र छोरीबीचको विभेदलाई अन्त्य गर्दै छोरीहरूको पनि शिक्षामा पहुँच अभिवृद्धि गर्ने उद्देश्यका साथ सञ्चालित 'बेटी पढाउ बेटी बचाउ' कार्यक्रमलाई प्रभावकारी बनाउन प्रदेश २ को आठ वटै जिल्लाका स्थानीय तहमा छोरी शिक्षा बिमा शिविरहरू सञ्चालन गरेर छोरीहरूको बिमा गरिएको हो ।

सिरहाको १७ वटै स्थानीय तहमा छोरी शिक्षा बिमा शिविर सञ्चालन गरिएको हो । सिरहा नगरपालिकामा सबैभन्दा बढी ४९० र सबैभन्दा कम विष्णुपुर गाउँपालिकामा ९० छोरीको बिमा गरिएको सामाजिक सुरक्षा सिरहा जिल्ला संयोजक टीकाराम विश्वकर्माले जानकारी दिनुभयो । यसैगरी लहान नगरपालिकामा ४७२, मिर्चैया नगरपालिकामा २२०, सखुवानन्कारकट्टी गाउँपालिकामा १०४, कल्याणपुर नगरपालिकामा १९७, कर्जन्हा नगरपालिकामा २२९, नरहा गाउँपालिकामा ९३ र अर्नमा गाउँपालिकामा १२० छोरीको बिमा गरिएको छ ।

यस्तै गोलबजार नगरपालिकामा ३८४, धनगढीमाई नगरपालिकामा २९४, बरियारपट्टी गाउँपालिकामा १५४, औरही गाउँपालिकामा १४२, लक्ष्मीपुर पतारी गाउँपालिकामा २४५, भगवानपुर गाउँपालिकामा १४२, नवराजपुर गाउँपालिकामा १२२ र सुखीपुर नगरपालिकामा २११ छोरीको बिमा गरिएको छ ।

विसं २०७५ माघ १ देखि जन्मिएका छोरीको बिमा गरिएको संयोजक विश्वकर्माले बताउनुभयो । विसं २०७५ माघ १ गते यता जन्मिएका छोरीलाई प्रदेश सरकारले शिक्षा बिमा गरिदिने घोषणा गरेअनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाटै अभियान सञ्चालन गरिए पनि कर्मचारी अभावमा प्रभावकारी हुन नसकेपछि स्थानीय तहमै पुगेर छोरीहरूको बिमा गर्ने उद्देश्यकासाथ शिविरमार्फत बिमा कार्यक्रमलाई अगाडि बढाइएको हो ।

छोरीहरूको बिमाका लागि आवश्यक जन्मदर्ता, स्थानीय तहको सिफारिस, आमा वा बुबामध्ये एक जनाको नागरिकता र छोरी तथा अभिभावकको ६/६ थान फोटो आवश्यक रहेको हुँदा प्रदेश सरकारले शिविरमार्फत सबै प्रक्रिया पूरा गर्ने गरी आवश्यक प्रबन्ध मिलाएको छ । शिविरमा प्रभु बैंकका प्रतिनिधि, स्थानीय तहका जनप्रतिनिधि तथा वडा सचिवहरू, फोटोग्राफर एवं मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रतिनिधिको अनिवार्य उपस्थिति रहने गरेको छ ।

विसं २०७५ माघ १ पछि जन्मेका छोरीहरूको रु एक लाखको शिक्षा बिमा गर्ने घोषणा गरेको प्रदेश सरकारले त्यो रकमलाई वृद्धि गरी यो वर्ष रु तीन लाख पुऱ्याएको छ । शुरुमा २०७५ माघ १ गते पछि प्रदेशमा जन्मिएका छोरीहरू रु एक लाखको बिमा मात्रै थियो, तर यो बर्षदेखि त्यसलाई बढाएर रु तीन लाख पुऱ्याइएको हो । छोरी शिक्षा बिमाअन्तर्गत हालसम्म प्रदेश २ मा करिब १५ हजार छोरीहरूको बिमा गरिसकिएको छ । यसअघि नै बिमा गराइसकेका छोरीहरूले पनि यो सुविधा पाउने प्रदेश २ का मुख्यमन्त्रीका प्रेस सल्लाहकार आतेश मिश्रले बताउनुभयो ।

यसका साथै यसै अभियानअन्तर्गत प्रदेश २ का अति विपन्न दलित तथा मुस्लिम परिवारका कक्षा १ देखि ८ सम्मका छात्राहरूलाई पनि प्रतिमहिना रु ५०० दिने योजनासमेत रहेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले जनाएको छ । यसै आर्थिक वर्षदेखि यसलाई पाइलट प्रोजेक्टको रूपमा शुरु गरिनेसमेत जनाइएको छ ।

यो अभियानमा स्थानीय सरकारहरूसँग समेत सहकार्य गर्न लागेको र स्थानीय सरकारले सहयोग गरे यो रकमलाई २० वर्षमा रु २० लाख पुऱ्याउने लक्ष्य लिएएको जनाइएको छ । प्रदेश २ सरकारले मुख्यमन्त्री 'बेटी पढाउ बेटी बचाउ' कार्यक्रमअन्तर्गत प्रदेश २ को ८ वटै जिल्लाका सामुदायिक विद्यालयहरूमा कक्षा ८ मा अध्ययनरत छात्राहरूलाई साइकलसमेत वितरण गरेको छ ।

# राष्ट्रिय जुडो प्रतियोगिता सुरु



**दैनिक समाचारदाता**
**राजविराज, १९ फागुन ।**

राजविराजमा सोमबारदेखी स्व. लोकेन्द्र कुमार श्रेष्ठ स्मृती सातौं राष्ट्रिय व्यपी जुडो प्रतियोगिता सुरु भएको छ ।

मारुती ग्यास उद्योग प्रालि दुहबी मुख्य प्रायोजक रहेको प्रतियोगितामा तीन विभागिय टिम नेपाली सेना, सशस्त्र र नेपाल प्रहरीका साथै काठमाडौं, ललितपुर, भक्तपुर, धनुषा, पर्सा, बारा, सुनसरी, सिरहा, मोरङ, उदयपुर, झापा, बाँके, बर्दिया, इलाम, रसुवा, कास्की, कैलाली, गोरखा, नुवाकोट, कंचनपुर आयोजक सप्तरी गरि २५ टिमको सहभागिता रहेको छ ।

जिल्ला जुडो संघको आयोजना तथा नेपाल जुडो संघको प्राविधिक सहयोगमा सुरु भएको प्रतियोगिताको प्रमुख अतिथि नेपाल जुडो संघका अध्यक्ष दिपक हर्ष बज्राचार्यले उद्घाटन गरेका छन् ।

सो अवसरमा उनले योग्य खेलाडी उत्पादन तथा देशलाई माथी उठाउन यस्ता प्रतियोगिताले ठूलो मद्दत पुऱ्याउने बताए । उनले प्रतियोगितालाई सफल बनाउन स्व. लोकेन्द्र श्रेष्ठका परिवारले गरेको योगदान महत्वपूर्ण रहेको समेत बताए ।

जुडो संघका उपाध्यक्ष पियुस श्रेष्ठको अध्यक्षतामा आयोजित उद्घाटन समारोहमा वरिष्ठ उपाध्यक्ष खडक बहादुर दाहाल, संघका जिल्ला महासचिव नवनित झा, भिम दल गणका प्रमुख सेनानी गुप्त बहादुर कुँवर लगायतले शुभकामना दिएका थिए । प्रतियोगिताको फाइनल खेलहरु मंगलबार सम्पन्न हुने आयोजक समितिले जनाएको छ ।

# एक सय ७५ जनामा कोरोना संक्रमण नभएको पुष्टि

**दैनिक समाचारदाता**
**काठमाडौं, १९ फागुन ।**

चीनको वुहानबाट उद्दार गरेर क्वारेन्टाइनमा राखिएका १ सय ७५ जनामा कोरोना संक्रमण नभएको पुष्टि भएको छ ।

चीनबाट आएपछि खरिपाटीस्थित क्वारेन्टाइनमा राखिएकाहरुलाई उनीहरुको उपचारमा संलग्न चिकित्सकले सो पुष्टि गरेका हुन् । स्वास्थ्य परीक्षणको रिपोर्ट नेभेटिभ आएको खबर सुनेपछि क्वारेन्टाइनमा बसेकाहरुले ताली बजाएर खुसी साटेका थिए ।

चीनको वुहानमा कोरोना संक्रमण फैलिएपछि सरकारले त्यहाँ रहेका १ सय ७५ जनालाई ४ फागुनमा उद्दार गरिएको थियो । उनीहरुलाई भक्तपुर, खरिपाटीस्थित नेपाल विद्युत प्राधिकरणको तालिम केन्द्रमा बनाइएको क्वारेन्टाइनमा राखिएको थियो ।

नेपाल ल्याए लगतै गरिएको परीक्षणमा पनि नेगेटिभ रिपोर्ट आएको थियो । अहिले पनि नेगेटिभ रिपोर्ट आएपछि क्वारेन्टाइनमा बसेका सबै जना अब आआफ्नो घर जाने भएका छन् ।


चीनको वुहानबाट नेपाली विद्यार्थीलाई उद्धार गरी ल्याउने नेपाल वायुसेवा निगमको जहाजका चालकसहित १८ जना भने क्वारेण्टाइन बसाई पूरा गरी हिजै घर फर्किएका छन् । उनीहरुलाई नगरकोटको खानेपानी तालीम केन्द्रको क्वारेण्टाइनमा राखिएको थियो ।

## *प्रधानमन्त्रीको ...*

गरेसँगै प्रधानमन्त्री ओलीकाृ नयाँ मृगौला प्रतयारोपन गर्ने तयारी गरिएको हो ।

श्रोतका अनुसार प्रधानमन्त्रीको दोश्रो पटकको मृगौला प्रत्यारोपन कार्य आगामी बुधबार राजधानीस्थित त्रिवि शिक्षण अस्पतालमा हुने भएको छ ।




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५२१०९६





**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*